वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १७४ | २०८३ कात्तिक १५ गते आइतबार, नेपाल सम्वत् ११४६ November 01, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



स्वास्थ्य प्रतिको चासो

तनहुँको आँबुखैरेनी गाउँपालिकामा सञ्चालित निःशुल्क क्षयरोग जाँच शिविरमा आफ्नो स्वास्थ्य परीक्षणका लागि आएका स्थानीय महिलाहरू । उक्त शिविमार २१० जनाको स्वास्थ्य परीक्षण गरिएकोमा दुई जनामा क्षयरोग (टीबी) संक्रमण पुष्टि भएको छ ।

गाउँपालिकाको वडा नं. ४, ५ र ६ का समुदायलाई लक्षित गरी वडा नं. ४ स्थित भागे आधारभूत स्वास्थ्य चौकीमा शिविर सञ्चालन गरिएको थियो । शिविरमा कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिमा आधारित एक्सरेमार्फत क्षयरोगको परीक्षण गरिएको थियो ।

शिविरमा परीक्षण गरिएकामध्ये १६ जनालाई थप परीक्षणका लागि खकार जाँच गर्न सिफारिस गरिएको थियो । खकार परीक्षणपछि तीमध्ये दुई जनामा क्षयरोग पुष्टि भएको जनाइएको छ। समुदायस्तरमै क्षयरोगका सम्भावित बिरामी पहिचान गरी समयमै उपचारको पहुँच विस्तार गर्ने उद्देश्यले शिविर सञ्चालन गरिदा रोगको प्रारम्भिक पहिचान र उपचारमा समुदायको पहुँच बढाउने अपेक्षा गरिएको छ ।


तस्विर : भञ्ज्याङ

गुरूङ संस्कृति र ग्रामीण जीवनशैलीले पर्यटक तान्दै सिङ्दी

भञ्ज्याङ समाचारदाता/लमजुङ

ढुङ्गाले छाएका घर, गुरूङ समुदायका मौलिक संस्कृति, स्थानीय परिकारको स्वाद र आत्मीय ग्रामीण जीवनशैली । लमजुङको क्व्होलासोथार गाउँपालिका-५ स्थित सिङ्दी गाउँमा पुग्ने पर्यटकले प्रकृतिको शान्तिसँगै गाउँले जीवनको मौलिकता अनुभव गर्न पाउँछन् । घाँटु, सोरठी र कृष्णचरित्रको सांस्कृतिक रौनकदेखि स्थानीय उत्पादनबाट तयार परिकारसम्मका विशेषताले सिङ्दीलाई ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा चिनाउन थालेका छन् ।

ढुङ्गाले छाएका घर, मौलिक संस्कृति, स्थानीय परिकार र आत्मीय ग्रामीण जीवनशैली । वरिपरि हरियाली पहाड र शान्त वातावरण। लमजुङको क्व्होलासोथार गाउँपालिका-५ स्थित सिङ्दी गाउँको पहिचान यिनै विशेषताले बनेको छ । प्रकृति, संस्कृति र परम्परागत जीवनशैलीको सङ्गम सिङ्दी पछिल्लो समय ग्रामीण पर्यटनको गन्तव्यका रूपमा चिनिन थालेको छ ।



विगतमा प्रचारप्रसारको अभावमा ओझेलमा परेको सिङ्दीमा घरबास (होमस्टे) सञ्चालनमा आएपछि पर्यटकको आवागमन बढ्न थालेको हो । विसं २०७६ देखि घरबास (होमस्टे) सञ्चालनमा आएपछि पर्यटकको आवागमन बढ्न थालेको हो । विसं २०८१ मा औपचारिक दर्ता भएको सिङ्दी सामुदायिक होमस्टेमा अहिले गाउँका २३५ घरमध्ये १८ घर आबद्ध छन् ।

होमस्टेका अध्यक्ष हुकुमबहादुर गुरूङका अनुसार यहाँ मासिक करिब १०० जनासम्म पर्यटक पुग्ने गरेका छन् । समूह बनाएर सवारीसाधन रिजर्भ गरी आउने पर्यटकको आकर्षण बढ्दै गएको उनले बताए ।

"पहिला पर्यटक खासै आउँदैनथे । गुरूङ सम्पदा पदमार्गमा जोडिएपछि बिस्तारै पर्यटक आउन थालेका छन्," उनले भने, "विशेष गरी कलेजका युवा तथा विभिन्न समूह बनाएर आउने क्रम बढेको छ ।"

गुरूङ समुदायको बाक्लो बस्ती रहेको सिङ्दीमा घाँटु, सोरठी र कृष्णचरित्रजस्ता मौलिक सांस्कृतिक कार्यक्रम पर्यटकलाई देखाउने गरिन्छ । गाउँका गुम्बा तथा देवीस्थान मन्दिर धार्मिक र सांस्कृतिक आकर्षण हुन्। होमस्टेमा

बाँकी तेश्रो पेजमा

जथाभावी एन्टीबायोटिक प्रयोग रोक्दै सरकार

भञ्ज्याङ समाचारदाता/काठमाडौं

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जारी गरेको 'प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना (२०८०/८१-२०८४/८५)' अनुसार अब डाक्टरको सिफारिस (प्रेस्क्रिप्सन) बिना एन्टीबायोटिक औषधि किन्न नपाइने भएको छ।

मानव, पशुपन्छी र मत्स्य स्वास्थ्यका क्षेत्रमा जथाभावी एन्टीबायोटिक बिक्रीवितरण रोक्न सरकारले वर्तमान कानुनी व्यवस्था परिमार्जन गर्न लागेको हो।



नयाँ व्यवस्था लागु भएपछि सिफारिसबिना औषधि बेच्ने परिपाटी पूर्ण रूपमा नियन्त्रण हुनेछ। यसका लागि औषधिको बिक्रीवितरण र प्रेस्क्रिप्सनको रेकर्ड राख्ने तथा नियमित अडिट गर्ने कानुनी संयन्त्र बनाइनेछ ।

पशु स्वास्थ्यको क्षेत्रमा पनि कडाइ गरिनेछ। नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएका आधिकारिक पशु चिकित्सकमार्फत मात्र भेटेरिनरी एन्टीबायोटिकको सिफारिस जारी गर्न मिल्ने कानुनी व्यवस्था मिलाइनेछ। कार्ययोजनाले पशुपन्छी, मत्स्यजन्य उत्पादन, खाद्य, दाना र वातावरणमा रहने औषधिको अवशेष सीमा नियमन गर्न कानुन तर्जुमा गर्ने लक्ष्य लिएको छ ।

साथै विश्व स्वास्थ्य सङ्गठनले तोकेको 'रिजर्भ' समूहका कडा एन्टीबायोटिकलाई विशेष सूचीमा राखिनेछ। यस्ता औषधि विशेष अवस्थामा चिकित्सकको सिफारिसका आधारमा अस्पतालको फार्मेसीबाट मात्र बेच्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

विश्व स्वास्थ्य सङ्गठनले प्रतिजैविक प्रतिरोधलाई १० प्रमुख जनस्वास्थ्य समस्यामध्ये एक मानेको छ। यसकै कारण विश्वभर

बाँकी तेश्रो पेजमा

फ्रान्सका युद्ध र विद्रोहका संक्षिप्त चित्र

युरोपको ऐतिहासिक, राजनीतिक र सांस्कृतिक महत्त्व बोकेको देश हो फ्रान्स। विश्व राजनीतिक इतिहासमा फ्रान्सको आफ्नै विशिष्ट स्थान छ। विशेषगरी सन् १८७१ को पेरिस कम्युन विश्वकै पहिलो श्रमिक विद्रोह र श्रमिक वर्गले सत्ता सञ्चालन गर्ने ऐतिहासिक प्रयासका रूपमा परिचित छ। पुँजीवादी सत्ताविरूद्ध श्रमजीवी वर्गले गरेको उक्त विद्रोहले विश्व कम्युनिस्ट आन्दोलनलाई समेत गहिरो प्रभाव पारेको थियो। यद्यपि प्रतिक्रियावादी शक्तिको आक्रमणका कारण त्यो सत्ता लामो समय टिक्न सकेन ।

आज विश्वभर कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको तथा पुँजीवादी शक्तिहरूको प्रभाव बढिरहेको सन्दर्भमा फ्रान्सको पेरिस कम्युन र त्यहाँका विद्रोहको इतिहासको विशेष महत्त्व छ। फ्रान्सको इतिहास हेर्दा राजनीतिक परिवर्तन, युद्ध, क्रान्ति र जनविद्रोहका अनेकौं घटना देख्न सकिन्छ । यहाँको समाजले विभिन्न कालखण्डमा सत्ता, शासन व्यवस्था र सामाजिक असमानता विरूद्ध संघर्ष गर्दै आएको छ ।

अहिले फ्रान्समा बढ्दो महँगी, आर्थिक असमानता र सार्वजनिक सेवामा हुँदै आएको कटौतीविरूद्ध जनअसन्तुष्टि चुलिएको चर्चा छ। ३१ असोज २०८३ शनिबार भएको भनिएको विरोध प्रदर्शनले फेरि एकपटक फ्रान्सको राजनीतिक अवस्थालाई चर्चामा ल्याएको छ । सञ्चारमाध्यममा आएका विवरणअनुसार विभिन्न सहरमा प्रदर्शनकारी सडकमा उत्रिएका थिए । कतिपय स्थानमा प्रदर्शन हिंसात्मक बनेको र सार्वजनिक सम्पत्तिमा तोडफोड तथा आगजनी भएको बताइएको छ ।


प्रदर्शनमा सहभागी हुनेको संख्याबारे विभिन्न सञ्चारमाध्यममा फरक-फरक विवरण आएका छन् । कतिपयले पाँच लाखभन्दा बढी र कतिपयले आठ लाखसम्म मानिस सडकमा उत्रिएको उल्लेख गरेका छन्। प्रदर्शनका क्रममा प्रशासनले एक हजार दुई सयभन्दा बढीलाई नियन्त्रणमा लिएको र राजधानी पेरिसमा प्रदर्शनकारीलाई तितरबितर पार्न अश्रुग्यास तथा पानीका फोहरा प्रयोग गरिएको समाचार पनि सार्वजनिक भएका छन्। यी घटनाले फ्रान्समा विद्यमान सामाजिक तथा आर्थिक असन्तुष्टिको अवस्थालाई उजागर गरेको देखिन्छ।

जहाँ वामपन्थी राजनीतिक शक्तिको प्रभाव बलियो हुन्छ, त्यहाँ राज्य व्यवस्था पनि जनताका असन्तुष्टिप्रति सचेत हुनुपर्ने हुन्छ। तर कतिपय अवस्थामा लामो समयदेखि दबिएर रहेको जनआक्रोश विस्फोट हुँदा ऐतिहासिक संरचना तथा सार्वजनिक सम्पत्तिसमेत क्षतिग्रस्त हुने गरेका छन्। विरोध प्रदर्शनको उद्देश्य र त्यसको स्वरूपबीच सन्तुलन कायम हुन नसक्दा यस्ता घटना निम्तिने गर्छन् ।

फ्रान्सको राजनीतिक तथा आर्थिक महत्त्वलाई बुझ्न यसको भौगोलिक, ऐतिहासिक र अन्तर्राष्ट्रिय अवस्थाबारे पनि जान्न आवश्यक छ। फ्रान्स युरोपको प्रमुख विकसित राष्ट्रमध्ये एक हो। यहाँ अर्धराष्ट्रपतीय शासन प्रणालीसहित गणतान्त्रिक व्यवस्था छ। यसको संसद् राष्ट्रिय सभा र सिनेट गरी दुई सदनबाट सञ्चालन हुन्छ। कला, साहित्य, विज्ञान, दर्शन र संस्कृतिको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा समेत फ्रान्सले लामो समयदेखि पहिचान बनाएको छ ।

पर्यटनका दृष्टिले पनि फ्रान्स विश्वकै प्रमुख गन्तव्यमा पर्छ । सन् २०१८ मा मात्रै करिब ८ करोड ९० लाख विदेशी पर्यटकले फ्रान्स भ्रमण गरेका थिए । आर्थिक रूपमा विश्वका ठूला अर्थतन्त्रमध्ये एक रहेको फ्रान्स संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को स्थायी सदस्य तथा आणविक हतियार सम्पन्न राष्ट्र हो । युरोपेली संघ, युरोजोन, जी-७, उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) र विश्व व्यापार सङ्गठनजस्ता अन्तर्राष्ट्रिय संस्थामा यसको महत्त्वपूर्ण भूमिका छ ।

फ्रान्सको इतिहास खोतल्ने हो भने यो युद्ध, क्रान्ति र राजनीतिक संघर्षको लामो श्रृंखलाबाट गुज्रिएको देखिन्छ । प्राचीन गालो-रोमन संघर्षदेखि आधुनिक विश्वयुद्धसम्म फ्रान्सले अनेकौं ठूला युद्धको सामना गरेको छ। यहाँका केही प्रमुख युद्ध र क्रान्तिलाई संक्षेपमा हेर्न सकिन्छ।



सयवर्षे युद्ध (सन् १३३७-१४५३)

फ्रान्स र इङ्ग्ल्यान्डबीच झन्डै ११६ वर्षसम्म चलेको यो युद्ध युरोपेली इतिहासको लामो र महत्त्वपूर्ण युद्धमध्ये एक हो। सत्ता, भूभाग र राजवंशीय अधिकारको विवादबाट सुरू भएको यस युद्धमा अन्ततः फ्रान्सले विजय हासिल गऱ्यो। यससँगै फ्रान्समा इङ्ल्यान्डको अधिकांश भूभागीय प्रभाव समाप्त भयो।

फ्रान्सेली क्रान्ति (सन् १७८९-१७९९)

फ्रान्सेली क्रान्ति विश्व इतिहासकै महत्त्वपूर्ण राजनीतिक परिवर्तनमध्ये एक हो। यस क्रान्तिले फ्रान्सको निरंकुश राजतन्त्र र सामन्ती व्यवस्थाको अन्त्य गर्ने आधार तयार गऱ्यो । समानता, स्वतन्त्रता र भ्रातृत्वको नारासहित अघि बढेको यस क्रान्तिले विश्व राजनीतिमा समेत गहिरो प्रभाव पाऱ्यो । राजा लुई सोह्रौंलाई २१ जनवरी १७९३ मा गिलोटिनबाट मृत्युदण्ड दिइयो । त्यसपछि फ्रान्समा गणतान्त्रिक व्यवस्थाको विकासले गति लियो ।

नेपोलियन युद्ध (सन् १७९९-१८१५)

नेपोलियन बोनापार्टको नेतृत्वमा फ्रान्सले युरोपका विभिन्न भूभागमा आफ्नो सैन्य तथा राजनीतिक प्रभाव विस्तार गऱ्यो। नेपोलियनले युरोपको ठूलो हिस्सामा आफ्नो प्रभुत्व कायम गर्ने प्रयास गरे। तर सन् १८१५ मा वाटरलुको युद्धमा पराजित भएपछि उनको साम्राज्यको अन्त्य भयो ।

फ्रान्स-प्रसिया युद्ध(सन् १८७०-१८७१)

फ्रान्स र प्रसिया (पछि जर्मनी) बीच भएको युद्धमा फ्रान्स पराजित भयो। यस पराजयसँगै नेपोलियन तृतीयको शासन अन्त्य भयो र फ्रान्समा तेस्रो गणतन्त्र स्थापना भयो। यो युद्धले युरोपको शक्ति सन्तुलनमा समेत परिवर्तन ल्यायो।

प्रथम विश्वयुद्ध(सन् १९१४-१९१८)

सन् १९१४ मा जर्मनीले फ्रान्सविरूद्ध युद्ध घोषणा गरेपछि फ्रान्स प्रथम विश्वयुद्धमा सहभागी भयो। मित्रराष्ट्रको पक्षबाट लडेको फ्रान्सले अन्ततः विजय हासिल गरे पनि ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नुपऱ्यो। युद्धले फ्रान्सको अर्थतन्त्र, समाज र पूर्वाधारमा गम्भीर असर पारेको थियो।

द्वितीय विश्वयुद्ध(सन् १९३९-१९४५)

द्वितीय विश्वयुद्धका क्रममा सन् १९४० मा जर्मनीले फ्रान्समाथि कब्जा जमायो। त्यसपछि फ्रान्सेली जनताले जर्मन कब्जाविरूद्ध प्रतिरोध आन्दोलन सञ्चालन गरे। फ्रेन्च रेजिस्टेन्सका नामले चिनिने प्रतिरोधी आन्दोलनले जर्मन शासनविरूद्ध संघर्ष जारी राख्यो । सन् १९४४ मा मित्रराष्ट्रको सहयोग र फ्रान्सेली प्रतिरोध आन्दोलनको भूमिकासहित फ्रान्सको ठूलो भूभाग मुक्त भयो ।

धार्मिक युद्ध (सन् १५६२-१५९८)

फ्रान्सको इतिहासमा धार्मिक द्वन्द्वले पनि लामो समयसम्म प्रभाव पारेको थियो। रोमन क्याथोलिक र प्रोटेस्टेन्ट ह्युगेनोट समुदायबीच सन् १५६२ देखि १५९८ सम्म विभिन्न चरणमा गृहयुद्ध भए। सन् १५९८ मा राजा हेनरी चौथोद्वारा जारी नान्तेसको आदेशले धार्मिक सहिष्णुताको आधार तयार पार्ने प्रयास गरेको थियो ।

ला फ्रोन्द (सन् १६४८-१६५३)

सत्रौं शताब्दीमा फ्रान्समा भएको ला फ्रोन्द विद्रोह पनि राजनीतिक इतिहासको महत्त्वपूर्ण घटना हो । राजा लुई चौधौंको बाल्यकालमा राजसत्ता, सामन्ती वर्ग र संसद्बीच उत्पन्न विवादका कारण यो विद्रोह भएको थियो। यसले फ्रान्सको राजतन्त्र र केन्द्रीय शासन व्यवस्थाको विकासमा प्रभाव पारेको थियो ।

भेन्दी विद्रोह र पेरिस कम्युन

सन् १७९३ देखि १७९६ सम्म फ्रान्सेली क्रान्तिपछि भेन्दी क्षेत्रमा राजतन्त्र समर्थक र गणतन्त्रवादी शक्तिबीच भीषण गृहयुद्ध भयो। यसैगरी सन् १८७१ मा पेरिसमा भएको श्रमिक विद्रोहले विश्व राजनीतिक इतिहासमा नयाँ अध्याय थप्यो ।

पेरिस कम्युन पुँजीवादी शासन व्यवस्थाविरूद्ध श्रमजीवी वर्गले सत्ता आफ्नो हातमा लिएर शासन सञ्चालन गर्ने गरेको ऐतिहासिक प्रयास थियो। सन् १८७१ मार्च १८ मा सुरू भएको यस विद्रोहपछि पेरिसमा श्रमिक वर्गको नेतृत्वमा कम्युन सरकार गठन भयो । कम्युनले श्रमिकको हित, सामाजिक समानता र जनपक्षीय शासन व्यवस्थासम्बन्धी विभिन्न निर्णयसमेत गरेको थियो ।

तर त्यो सत्ता धेरै समय टिक्न सकेन। फ्रान्सको तत्कालीन सरकार र प्रतिक्रियावादी शक्तिहरूले कम्युनविरूद्ध सैन्य आक्रमण गरे। सन् १८७१ मे महिनामा भएको भीषण दमनपछि ७२ दिनमै पेरिस कम्युनको अन्त्य भयो। त्यस क्रममा हजारौं मानिस मारिए। पुँजीवादी शक्तिले पुनः सत्ता आफ्नो नियन्त्रणमा लिए । यद्यपि पेरिस कम्युनको ऐतिहासिक अनुभवले विश्व श्रमिक आन्दोलन र कम्युनिस्ट विचारधारालाई दीर्घकालीन प्रभाव पारिरह्यो ।

पेरिस कम्युनले एउटा महत्त्वपूर्ण राजनीतिक शिक्षा दिएको छ- सत्ता प्राप्त गर्नु मात्रै पर्याप्त हुँदैन, प्राप्त उपलब्धिको रक्षा गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। श्रमिक वर्गले आफ्नो राजनीतिक शक्ति संगठित गर्न नसक्दा र प्रतिक्रियावादी शक्तिको सामना गर्न आवश्यक तयारी गर्न नसक्दा ऐतिहासिक उपलब्धि गुम्न सक्छ भन्ने शिक्षा यस घटनाले दिएको छ ।

आज विश्वभर विभिन्न नाम र स्वरूपमा युद्ध, हिंसा, द्वन्द्व तथा जनआन्दोलन भइरहेका छन् । यस्ता घटनाबाट सबैभन्दा बढी प्रभावित हुने वर्ग श्रमजीवी, गरिब र सर्वसाधारण नै हुन्। युद्ध र द्वन्द्वको आर्थिक तथा राजनीतिक लाभ भने प्रायः शक्तिशाली राष्ट्र, हतियार उत्पादक र पुँजीको नियन्त्रणमा रहेका समूहले लिने गरेका छन् ।

हामी हत्या र हिंसाको विरोध गर्छौं। तर विश्वमा युद्ध र हिंसाको अवस्था किन बारम्बार सिर्जना भइरहेको छ भन्ने प्रश्नको गहिरो विश्लेषण पनि आवश्यक छ। ठूला हतियार उत्पादन गर्ने, युद्धलाई व्यापारको माध्यम बनाउने र आफ्नो स्वार्थका लागि अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने शक्तिहरूको भूमिकालाई बेवास्ता गर्न मिल्दैन । धर्म, संस्कृति र राष्ट्रियताको आवरणमा समेत कतिपय अवस्थामा राजनीतिक तथा आर्थिक स्वार्थ पूरा गर्ने प्रयास हुने गरेको छ ।

आज विश्वका श्रमजीवी जनता वास्तविक शान्ति, समानता र समृद्धिको पक्षमा छन् । उनीहरूलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको आवश्यकता छ । तर आर्थिक असमानता, बेरोजगारी र शोषणले उनीहरूलाई निरन्तर समस्यामा पारिरहेको छ । गरिबी र अभावमा बाँचिरहेका मानिसको श्रम र बाध्यतालाई पुँजीले आफ्नो स्वार्थअनुकूल उपयोग गरिरहेको छ । यसले समाजमा असमानता र असन्तुष्टि थप बढाएको छ।

फ्रान्ससहित विश्वका विभिन्न देशमा भइरहेका जनआन्दोलनलाई यही व्यापक राजनीतिक, सामाजिक र आर्थिक सन्दर्भमा हेर्न आवश्यक छ । बङ्गलादेश र नेपालमा भएका राजनीतिक आन्दोलनदेखि भारतमा देखिएका विभिन्न जनप्रदर्शनसम्मले जनताको असन्तुष्टि र परिवर्तनको चाहनालाई अभिव्यक्त गरेका छन् । तर हरेक आन्दोलनको पृष्ठभूमि, उद्देश्य र राजनीतिक चरित्र भने फरक हुन सक्छ। त्यसैले सबै आन्दोलनलाई एउटै दृष्टिकोणबाट हेर्नु उचित हुँदैन ।

आज जनताले परिवर्तन र निकास खोजिरहेका छन् । तर केवल व्यक्ति परिवर्तन गर्दैमा समाजका आधारभूत समस्या समाधान हुँदैनन्। राज्य सञ्चालनको प्रवृत्ति, आर्थिक संरचना र जनताप्रतिको उत्तरदायित्वमा परिवर्तन आउनु आवश्यक छ। व्यक्ति होइन, गलत प्रवृत्ति र जनविरोधी नीतिको विरोध गर्नुपर्छ। राजनीतिक परिवर्तनको वास्तविक उपलब्धि जनताको जीवनस्तरमा सुधार, सामाजिक न्याय र समान अवसरबाट मापन हुनुपर्छ।

इतिहासले बारम्बार देखाएको छ- जनताको असन्तुष्टिलाई लामो समयसम्म दबाएर राख्न सकिँदैन । त्यसैले राज्यले जनताको आवाज सुन्नुपर्छ र असन्तुष्टिका वास्तविक कारण पहिचान गरी समाधान खोज्नुपर्छ । अन्यथा विद्रोह र संघर्षका नयाँ अध्याय दोहोरिइरहनेछन् ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

तपाईको आज

मेष
रोकिएका काम अघि बढ्नेछन्। व्यापार व्यवसायमा सुधार आउनुका साथै आम्दानीका नयाँ स्रोत फेला पर्न सक्छन्।

वृष
मेहनतअनुसार उपलब्धि हासिल गर्न सकिनेछ । आर्थिक कारोबारमा सोचविचार गरेर निर्णय लिनुहोला ।

मिथुन
अध्ययन तथा प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता मिल्नेछ । व्यवसायमा नयाँ अवसर प्राप्त हुन सक्छ ।

कर्कट
पारिवारिक वातावरण सुखद रहनेछ । लामो समयदेखि रोकिएका कामले गति लिनेछन् ।

सिंह
नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ । व्यापार व्यवसायमा सोचेजस्तै प्रगति गर्न सकिनेछ ।

कन्या
काममा धैर्य र लगनशीलता आवश्यक देखिन्छ । सामान्य प्रयासबाट पनि महत्वपूर्ण उपलब्धि हासिल हुन सक्छ।

तुला
सामाजिक तथा व्यावसायिक क्षेत्रमा सक्रियता बढ्नेछ । रोकिएका आर्थिक काम बन्ने सम्भावना छ ।

वृश्चिक
कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुन सक्छ । मेहनत र योजनाबद्ध प्रयासले सफलता दिलाउनेछ ।

धनु
अध्ययन, अध्यापन तथा सिर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ । नयाँ काम सुरू गर्न उत्साह बढ्नेछ ।

मकर
जिम्मेवारी पूरा गर्न थप मेहनत गर्नुपर्ने देखिन्छ । आर्थिक लेनदेनमा सतर्क र हनुहोला ।

कुम्भ
नयाँ कामको प्रस्ताव आउन सक्छ । व्यापार व्यवसायमा प्रगति हुनेछ । सामाजिक सम्बन्ध विस्तार हुनेछन् ।

मीन
दिन उत्साहजनक रहनेछ। प्रशंसा र नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। आर्थिक अवस्थामा सुधार आउनेछ।



साँझ पखको बन्दीपुर : पर्यटकीय नगरी तनहुँको बन्दीपुर दुई दिनको झरीपछि शनिबार साँझ देखिएको दृष्य । दुई दिनको झरीले बन्दीपुरमा पर्यटकीय गतिविधि प्रभावित हुन पुगेको छ । *तस्विर : भञ्ज्याङ*

चार काठेपुल बगाएपछि चुमभ्याली पुनः सम्पर्कविहीन

भञ्ज्याङ समाचारदाता/गोरखा

गोरखाको चुमनुब्री गाउँपालिका-६ लोक्पास्थित सर्दिभीर क्षेत्रमा अस्थायी स्प्मा निर्माण गरिएका चारवटै काठेपुल बाढीले बगाएपछि चुमभ्यालीसँगको आवागमन पुनः विच्छेद भएको छ। लगातारको वर्षापछि शनिबार बिहान खोलामा आएको बाढीले पुल बगाएसँगै चुमनुब्री-६ को चुम्चेत र वडा नम्बर ७ को छेकम्पार पुनः सडक तथा पैदल सम्पर्कबाट टाढिएका हुन् ।

बाढीले क्षतिग्रस्त संरचना मर्मत गरी स्थानीयले कठिन प्रयासबाट सञ्चालनमा ल्याएको आवागमन केही दिनमै फेरि अवरूद्ध भएको हो । गत २५ असोजमा बुढीगण्डकी नदीमा आएको बाढीले सर्दिभीरस्थित क्यान्टिलिभर पुल र लोक्पानजिकैको झोलुङ्गे पुल बगाएपछि उक्त क्षेत्रको आवागमन करिब दुई साता ठप्प भएको थियो । त्यसपछि स्थानीयले भीर र खोलाको जोखिमपूर्ण क्षेत्रमा चारवटा काठेपुल निर्माण गरी आउजाउ खुलाएका थिए ।

१० देखि १५ दिनसम्म लगाएर बनाइएका ती अस्थायी पुलसमेत बाढीले बगाएपछि स्थानीयको मेहनत खेर गएको छ। पुल निर्माणमा खटिएका



स्थानीयले कामको पारिश्रमिकसमेत पाउन बाँकी रहेको बताएका छन् । चुमनुब्री-६ लोक्पाका स्थानीय शेराप गुरूङका अनुसार काठेपुल सञ्चालनमा आएपछि पर्यटक तथा खच्चडसमेत आवतजावत गर्न थालेका थिए। तर, शुक्रबार रातिदेखि बढेको खोलाको बहावले पुल बगाएपछि चुमभ्याली फेरि सम्पर्कविहीन बनेको छ ।

'१०/१५ दिनसम्म काम गरेर काठेपुल र बाटो निर्माण भएको थियो।

बाँकी अन्तिम पेजमा

गुरूङ संस्कृति र ग्रामीण .....

स्थानीय उत्पादनबाट तयार पारिएका चामल, कोदो, सागसब्जी र लोकल कुखुरालगायत परिकार खुवाइन्छ । एक रात बसाइको प्याकेजका लागि प्रतिव्यक्ति एक हजार १०० रूपैयाँ शुल्क लिने गरिएको अध्यक्ष गुरूङले बताए ।

सिङ्दीको पर्यटन सम्भावना होमस्टेमा मात्र सीमित छैन । गाउँ गुरूङ सम्पदा पदमार्गसँग जोडिएको छ । कास्कीको ताङतिङ हुँदै क्रपु डाँडा र लमजुङका विभिन्न गुरूङ बस्ती पार गरेर मनाङको तिमाङसम्म पुग्ने पदमार्गले यस क्षेत्रका बस्ती, संस्कृति र प्राकृतिक सम्पदालाई जोड्छ । पुराना पैदल तथा व्यापारिक मार्ग, भेडीगोठ र खर्कलाई पर्यटनसँग जोड्ने यस पदमार्गबाट अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली र मनास्लु लगायत हिमश्रृंखला अवलोकन गर्न सकिन्छ।

सिङ्दीबाट कास्कीको मादी गाउँपालिका-२ स्थित क्रपु डाँडातर्फ पदमार्ग जोड्ने कामसमेत भइरहेको छ । यस क्रममा करिब एक हजार ३०० मिटर सिँढी निर्माण भइसकेको छ भने बाँकी बाटो व्यवस्थित गर्ने काम अघि बढाइएको छ । क्व्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरूङका अनुसार गाउँपालिकाले सिङ्दीको पर्यटन प्रवर्द्धनका लागि सडक तथा पदमार्ग विकासलाई प्राथमिकता दिएको छ। स्थानीय उत्पादनबाट अचारलगायत वस्तु तयार गर्ने, पर्यटनसम्बन्धी सीपमूलक तालिम सञ्चालन गर्ने, खेलकुद तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने र प्रचारप्रसार बढाउने काम भइरहेको उनले बताए । धार्मिक पर्यटन प्रवर्द्धनका लागि गुम्बा तथा प्रवेशद्वारलगायत संरचना निर्माणलाई पनि अघि बढाइएको उनको भनाइ छ।

पर्यटनले गाउँको सामाजिक जीवनमा समेत परिवर्तन ल्याएको स्थानीय बताउँछन् । ६६ वर्षीय योगप्रसाद गुरूङका अनुसार होमस्टे सञ्चालनपछि घरआँगनको सरसफाइ र घरको व्यवस्थापनमा स्थानीयको ध्यान बढेको छ । खेतीपातीमा निर्भर रहँदै आएका गाउँलेका लागि आम्दानीको अतिरिक्त स्रोत थपिएको र गाउँको पहिचान विस्तार भएको उनले बताए । "पहिला खेतीपातीमै बढी निर्भर हुनुपर्थ्यो । गाउँ पनि धेरै चिनिएको थिएन । अहिले होमस्टे सञ्चालन भएपछि आम्दानीको स्रोत थपिएको छ, पर्यटक आउन थालेपछि गाउँको प्रचारप्रसार पनि भएको छ," उनले भने । सडक तथा पदमार्गको पहुँच, होमस्टे सञ्चालन र सांस्कृतिक गतिविधिले सिङ्दीमा पर्यटनको सम्भावना विस्तार गरेको छ । तर पर्यटकको आवागमनलाई नियमित बनाउनु, स्थानीय उत्पादनको बजारीकरण गर्नु र पर्यटनबाट प्राप्त आम्दानी गाउँमै रहने वातावरण बनाउनु उत्तिकै आवश्यक छ । मौलिक संस्कृति र ग्रामीण जीवनशैलीलाई जोगाउँदै पूर्वाधार तथा सेवा विस्तार गर्न सके सिङ्दीले पर्यटनलाई स्थानीय रोजगारी र आयआर्जनको दिगो आधार बनाउन सक्छ ।

जथाभावी एन्टीबायोटिक .....

बर्सेनि करिब १३ लाख मानिसको मृत्यु हुने गरेको तथ्याङ्क छ। सन् २०३० सम्ममा यसले कुल गार्हस्थ्य उत्पादनमा ठुलो ह्रास ल्याउने र थप २ करोड ८० लाख मानिसलाई चरम गरिबीमा पुऱ्याउने प्रक्षेपण छ।

स्थिति विश्लेषण अनुसार बहुऔषधि प्रतिरोध उच्च भएका विश्वका ३० मुलुकभित्र नेपाल पनि पर्छ। यहाँ श्वासप्रश्वास, क्षयरोग र टाइफाइड जस्ता संक्रमणको उपचारमा कठिनाइ हुँदै आएको छ। नेपालमा मानिसले आफूखुसी एन्टीबायोटिक किनेर खाने प्रवृत्ति छ। पशुपन्छी क्षेत्रमा पनि कुल भेटेरिनरी खर्चको १३ प्रतिशत हिस्सा एन्टीबायोटिकमै हुने गरेको र दानामा प्रतिबन्धित प्रिमिक्सको प्रयोगले खाद्य श्रृंखलामा हानिकारक अवशेष रहने गरेको अध्ययनले देखाएको छ ।

प्रतिजैविक प्रतिरोधमुक्त नेपाल निर्माण गर्ने दूरदृष्टि राखेको यस कार्ययोजनाले 'एक स्वास्थ्य' अवधारणा मार्फत सङ्क्रमण र मृत्युदर घटाउने लक्ष्य लिएको छ। यसका पाँच मुख्य रणनीतिक प्राथमिकता छन्। सचेतना अभिवृद्धि, वैज्ञानिक ज्ञान सुदृढीकरण, संक्रमण रोकथाम, औषधिको समुचित प्रयोग र दिगो स्रोत सुनिश्चितताालाई प्राथमिकतामा राखिएको छ।

प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्य सचिवको अध्यक्षतामा राष्ट्रिय निर्देशक समिति र गुणस्तर मापन महाशाखा प्रमुखको अध्यक्षतामा प्राविधिक कार्यसमिति गठन गरिएको छ। तीनै तहका सरकार, निजी क्षेत्र, प्राज्ञिक संस्था र नागरिक समाजलाई जोडेर एकीकृत स्प्मा काम गरिनेछ ।

पाँच वर्षे कार्ययोजना कार्यान्वयन गर्न कुल ४ अर्ब ५८ करोड ६० लाख रूपैयाँ खर्च हुने अनुमान छ । कुल बजेटमध्ये संघीय तहमा ६१ प्रतिशत, प्रादेशिक तहमा १२ प्रतिशत र स्थानीय तहमा २७ प्रतिशत उपयोग हुनेछ। क्षेत्रगत स्प्मा मानव स्वास्थ्यमा २०६ करोड ५० लाख, पशु स्वास्थ्यमा १९९ करोड ६० लाख, खाद्य क्षेत्रमा ४१ करोड ६० लाख र वातावरण क्षेत्रमा १० करोड ९० लाख रूपैयाँ विनियोजन गरिएको छ।

तीनवटै तहका सरकारको आन्तरिक बजेट र दातृ निकायको सहयोगबाट स्रोत जुटाइनेछ। आर्थिक स्रोत र जनशक्तिको अभाव हुन नदिन नियमित अनुगमन र वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गर्ने परिपाटी बसाइनेछ । यसको सफल कार्यान्वयनले नेपालमा बिरामी हुने दर र मृत्युदर घटाउन महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय भएको हुनाने सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सूचित गरिन्छ ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



खुलेको मौसम

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-७ खैरेनीटारस्थित मिलडाँडाबाट माछापुच्छ्रे सहितका मनमोहक हिमालका दृष्य । शरद ऋतु सुरूभएसंगै हिमाल तथा प्राकृतिक दृष्यावलोकनका लागि पर्यटकीय गन्तव्यहरूमा आन्तरिक तथा वाह्य पर्यटकहरूको चहलप बढ्न थालेको छ ।

तस्विर : भञ्ज्याङ

वर्षा र हिमपातले पर्यटन व्यवसाय प्रभावित, पदयात्रादेखि साहसिक खेलसम्म सुस्त

भञ्ज्याङ समाचारदाता/पोखरा

मुख्य पर्यटकीय याममै वर्षा र हिमपात भएपछि पोखरासहित गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यको चहलपहल प्रभावित भएको छ । दसैँपछि पर्यटकको आवागमन बढ्दै गएका बेला शुक्रबारदेखि मौसम प्रतिकूल बनेपछि पदयात्रा, साहसिक खेल तथा अन्य पर्यटकीय गतिविधि सुस्ताएका छन् ।

खुलेको मौसममा हिमाल र पहाडी भूभागको दृश्यावलोकन गर्दै पदयात्रा गर्ने उपयुक्त समयमा लगातारको वर्षा र बादलले पर्यटकको योजनामा बाधा पुऱ्याएको हो । कतिपय पर्यटकले मौसमकै कारण यात्रा रद्द गरेका छन् भने पदयात्राका लागि विभिन्न गन्तव्य पुगेका पर्यटकसमेत प्रभावित भएका छन् ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले मुख्य पर्यटकीय याममै मौसम प्रतिकूल हुँदा पर्यटन क्षेत्रमा असर परेको बताए। "यो पदयात्राका लागि उत्तम याम हो, तर यही बेला मौसम प्रतिकूल हुँदा पर्यटनमा असर पुगेको छ", उनले भने, "कतिपय सबै क्षेत्रमा एकसाथ पदयात्रा रोक्दा नेपालको पदयात्रा पर्यटन असुरक्षित रहेको सन्देश अन्तर्राष्ट्रिय बजारमा जान सक्ने उनको भनाइ छ ।



सम्भावित जोखिमलाई ध्यानमा राख्दै स्थानीय प्रशासनलगायत पर्यटकले मौसमकै कारण यात्रा रद्द गरेका छन् ।"

आचार्यले मौसमको अवस्थासँगै सम्भावित जोखिमको मूल्याङ्कन गरेर निश्चित क्षेत्रमा मात्र पदयात्रा रोक्नुपर्ने बताए । वर्षा हुनेबित्तिकै सम्बद्ध निकायले केही दिनअघि पर्यटकलाई पदयात्रामा नजान सार्वजनिक सूचना जारी गरेका थिए । अहिले लगातारको झरीले हिमाल र पहाडी दृश्य ओझेलमा परेका छन्। शरद् ऋतुको पदयात्राका लागि आउने पर्यटकले अपेक्षा गरेको स्वच्छ मौसम नपाउँदा भ्रमण प्रभावित भएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र पनि प्रतिकूल मौसमको प्रभावमा परेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा. रवीन कडरियाका अनुसार केही दिनयता मौसम बिग्रिएपछि यस क्षेत्रमा पर्यटकीय गतिविधि सुस्ताएका छन्। "मौसमका कारण केही दिनयता अन्नपूर्ण क्षेत्रमा पर्यटकीय गतिविधि सुस्त भएका छन", उनले भने, "मौसम खुल्नासाथ पर्यटकीय चहलपहल पुनः बढ्छ ।"


प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन र स्थानीय संस्कृतिका कारण अन्नपूर्ण क्षेत्र स्वदेशी तथा विदेशी पदयात्रीको रोजाइमा पर्दै आएको छ । कास्की, लमजुङ, मनाङ र म्याग्दी हुँदै यस क्षेत्रमा छोटो, मध्यम तथा लामो दूरीका पदमार्ग सञ्चालनमा छन् । सडक यातायातबाट समेत यहाँका विभिन्न पर्यटकीय गन्तव्यमा पुग्न सकिन्छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको तथ्याङ्कअनुसार गत असोजमा ३२ हजार ९६३ विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए। तीमध्ये दक्षिण एसियाली मुलुकका १२ हजार ६४५ र अन्य देशका २० हजार ३१८ पर्यटक थिए। यो तथ्याङ्कले मुख्य पर्यटकीय याममा अन्नपूर्ण क्षेत्रमा विदेशी पर्यटकको आकर्षण उच्च रहेको देखाउँछ । यस याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ र म्याग्दीको घोडेपानीलगायत गन्तव्यमा पर्यटकको चहलपहल बढ्ने गर्छ । तर, मौसम प्रतिकूल हुँदा यी गन्तव्यमा जाने पर्यटकको यात्रा प्रभावित भएको छ ।

पदयात्रा मात्र नभई पोखरामा सञ्चालन हुने साहसिक पर्यटनका गतिविधिसमेत प्रभावित बनेका छन्। वर्षा, बादल र प्रतिकूल हावाको अवस्थाका कारण प्याराग्लाइडिङ, हट एयर बेलुन, अल्ट्रालाइट र स्काइडाइभिङजस्ता गतिविधि सञ्चालनमा कठिनाइ भएको छ ।

पर्यटन व्यवसायीका अनुसार मौसममा सुधार आएपछि पर्यटकीय गतिविधि पुनः पुरानै लयमा फर्कने अपेक्षा गरिएको छ ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं



- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter

Surya Raj Acharya
x.com/SuryaRAcharya

लोकउक्ति छ, "दुईचोटि नाप, अनि मात्र काट।" राज्य सञ्चालन र उच्च तहको नीतिगत निर्णयमा पनि यो सिद्धान्त उत्तिकै लागू हुन्छ । निर्णय गर्नुअघिको गहन सोच, विचार, चिन्तन र विश्लेषण झन्झटिलो र समय लाग्ने प्रक्रिया जस्तो देखिए पनि यसको ठूलो महत्व हुन्छ ।
कतिपय मामिलामा error of commission को मुल्य error of omission को मुल्य भन्दा कैयौं गुणा ठूलो हुन सक्छ ।



Muma Ram Khanal
x.com/MumaRamKhanal

संचारकर्मी र संचार माध्यममा भइरहेको बालेन्द्र बक्रदृष्टिबारे मौन रहनेहरु खुला समाज र प्रेस स्वतन्त्रताका बैरी हुन् । हिजो कथित रुपमा आफुलाई 'संचार स्वतन्त्रता'को दुत ठान्दै पैरवी गर्ने कथित पत्रकार, साहित्यकार र अभियन्ता भन्नेहरु अहिले 'वा.... बालेन, प्राउड अफ यु' भन्दै भिडियो बनाउन व्यस्त छन् ।
पाखण्ड, दोग्ला र अवसरवादको कुनै अडान हुँदैन ।



Vijay Kumar Panday
x.com/Vijaykumarko

हामी त्यति स्वतन्त्रताको 'मात्रै' हकदार हुन्छौं, जति प्रेस स्वतन्त्रताको रक्षा गर्न सक्छौं। अघिल्लो पुस्ताले लडेर ल्याएको प्रेस स्वतन्त्रता, नयाँ पुस्ताले त्यति मात्र प्रयोग गर्न पाउनेछन, जति स्वतन्त्रताको रक्षा गर्ने औकात यो पुस्ताले राख्नेछ। प्रधानमन्त्री बालेन शाहको आदेशले पत्रकार छुटे, यो त थाहा पाइयो। अब यो 'थाहा' पनि त्यत्तिकै जरूरी छ- कसको आदेशले उनीहरु हिरासतमा लिइएका थिए ? कस्को ?
यो प्रश्नको उत्तर खोज्न नसक्ने पुस्ता र समाजको भविष्य RONS हुन्छ । @RONBupdates
भनेको होइन नि:) वरिष्ठ पत्रकार शिव गाउँलेले भनेका छन्- 'समाचारको स्रोत पत्ता लगाउन समाचारकक्षमा प्रहरी छिरेको हो भने मुलुकमा संविधान सकियो ।'

चार काठेपुल बगाएपछि .....

'काम गरेको पैसा पनि पाएको छैन, फेरि पुल र केही बाटोसमेत भत्किएको छ,' उनले भने, 'पालिकामा र वडामा कुरा गरिसकेका छौं । अब फेरि काम सुरू गर्ने विषयमा छलफल गरिरहेका छौं ।'

अस्थायी पुल सञ्चालनमा आएपछि रोकिएको पर्यटकीय आवागमन र खच्चडमार्फत हुने सामान ढुवानीसमेत सुरू भएको थियो । पुल बगेसँगै दैनिक उपभोग्य वस्तु तथा अन्य आवश्यक सामग्री चुम्चेत र छेकम्पार पुऱ्याउने बाटो पुनः बन्द भएको छ ।

चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले आपतकालीन आवागमनका लागि निर्माण गरिएका चारवटै काठेपुल बाढीले बगाएको पुष्टि गरे । उनका अनुसार तत्काल पुल निर्माणको काम अघि बढाउन मौसमको अवस्था र क्षतिग्रस्त क्षेत्रको पुनः अध्ययन गर्नुपर्नेछ ।

'आपतकालीन अवस्थाका लागि भनेर काठेपुल हालेका थियौं, चारवटै बगाएछ,' उनले भने, 'अब मौसम हेरेर फेरि अध्ययन गरी पुल निर्माण सुरू गर्छौं ।' पटक-पटक पुल बग्दा चुमभ्यालीका बासिन्दा सामान्य आवागमन र दैनिक उपभोग्य सामग्रीको आपूर्तिका लागि समेत समस्यामा परेका छन् । अस्थायी संरचना निर्माण गरेर आवागमन खुलाउने प्रयास गरे पनि बाढीले पुनः क्षति पुऱ्याउँदा यस क्षेत्रको सुरक्षित र भरपर्दो सम्पर्क व्यवस्थाको आवश्यकता थप टड्कारो बनेको छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४